# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, पुस ५ गते २०४२ साल (पूर्वातिरिक्ताङ्क ४६ (ख)


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट २०२६ साल जेष्ठ २७ गते मौसूफकै अध्यक्षतामा गठन गरिबक्सेको राष्ट्रिय विकास परिषद्लाई आजको आवश्यकता र दृष्टिकोण अनुरुप पुनर्गठन गरिबक्सी मौसूफकै अध्यक्षतामा निम्नबमोजिम सदस्यहरू रहने गरी राष्ट्रिय विकास परिषद्को गठन गरिबक्सेको छ ।

१. परिषद्का सदस्यहरू:–

(क) प्रधानमन्त्री – उपाध्यक्ष

(ख) मन्त्रिपरिषद्का सदस्य, राज्यमन्त्री तथा सहायक मन्त्रीहरू – सदस्य

(ग) राष्ट्रिय पञ्चायतका अध्यक्ष – सदस्य

(घ) राजसभा स्थायी समितिका सभापति – सदस्य

(ङ) भूतपूर्व प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का अध्यक्षहरूमध्येबाट श्री ५ बाट मनोनीत गरिबक्सने बढीमा ५ जना व्यक्तिहरू – सदस्य

(च) राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सदस्यहरू – सदस्य

(छ) नेपालको संविधानको धारा ४१क. को उपधारा (१) र (२) बमोजिम राष्ट्रिय पञ्चायतका समितिका सभापतिहरू – सदस्य

(ज) राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट श्री ५ बाट मनोनीत गरिबक्सने बढीमा १४ जना – सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका कुलपति — सदस्य

(ञ) नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानका उपकुलपति — सदस्य

(ट) प्रधान सेनापति — सदस्य

(ठ) त्रिभुवन विश्व विद्यालयका उपकुलपति — सदस्य

(ड) नेपाल राष्ट्र बैंकका गभर्नर — सदस्य

(ढ) श्री ५ को सरकारका मुख्य सचिव — सदस्य

(ण) नेपाल अधिराज्यका ७५ जिल्ला पञ्चायतहरूमध्येबाट तराई, पहाड र दुर्गम जिल्लाहरू मिलाई १।१ वर्षकोलागि गरी चौधै अञ्चलको प्रतिनिधित्व हुने किसिमले तोकिएका बढीमा २० जिल्ला पञ्चायतका सभापतिहरू। तर प्रत्येक ५ वर्षमा हुने राष्ट्रिय विकास परिषद्को बैठकमा ७५ जिल्ला पञ्चायतका सभापतिहरू सम्मिलित हुने। — सदस्य

(त) नेपाल उद्योग वाणिज्य सङ्घका अध्यक्ष — सदस्य

(थ) श्री ५ महाराजाधिराजबाट समय समयमा विभिन्न क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरूमध्येबाट मनोनीत गरिबक्सेका बढीमा ५ जना व्यक्तिहरू — सदस्य

(द) राष्ट्रिय योजना आयोगका सदस्य-सचिव — सदस्य-सचिव

२. परिषद्का कार्यहरू:—

राष्ट्रिय विकास परिषद्ले देहायका कार्यहरू गर्नेछ:—

(क) राष्ट्रिय योजना आयोगले तर्जुमा गरेको योजनालाई मन्त्रिपरिषद्ले छलफल गरेपछि प्रधानमन्त्रीले राष्ट्रिय विकास परिषद्का अध्यक्ष श्री ५ महाराजाधिराजका जुनाफमा पेश गर्नेछ। मौसूफबाट उक्त योजनाउपर राष्ट्रिय विकास परिषद्को राय लिन सकिबक्सनेछ,

(ख) आवधिक एवम् वार्षिक योजनाअन्तर्गत अपनाउनु पर्ने मूलभूत उद्देश्य एवम् नीतिहरूबारे राष्ट्रिय मूल नीतिलाई ध्यानमा राखी श्री ५ को सरकारलाई निर्देशन दिने,

(ग) विकासको गतिलाई तिव्र बनाउन आवधिक योजना र वार्षिक कार्यक्रम अन्तर्गतको प्रत्येक वर्षको प्रगतिको समीक्षा तथा मूल्याङ्कनको आधारमा योजनाको उद्देश्य र लक्ष्य अनुरूप विकास कार्यक्रमको सही कार्यान्वयनकोलागि आवश्यक कदम उठाउन श्री ५ को सरकारलाई निर्देशन दिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) श्री ५ महाराजाधिराजबाट हुकुम बक्सेमा, राष्ट्रिय योजना आयोगले मौसूफका हजूरमा चढाउने अर्ध-वार्षिक प्रगति मूल्याङ्कन प्रतिवेदनको आधारमा विस्तृत जाँच-पडताल गरी योजना कार्यान्वयनमा ढीलासुस्ती, लापरवाही, भ्रष्टाचार, बदनियत वा अन्य अवाञ्छनीय कारणले गर्दा लक्ष्य मुताबिक उपलब्धि हासिल गर्न नसकेको तथ्य पत्ता लगाई सम्बन्धित पदाधिकारी वा व्यक्तिमाथि सजाय गर्नुपर्ने देखिएमा सो र कदर गर्न लायक काम गरेको भए यथोचित पुरस्कारसमेतको लागि श्री ५ महाराजाधिराजका हजूरमा सिफारिश सहितको प्रतिवेदन चढाउने । सो कार्यको निमित्त आवश्यकता अनुसार श्री ५ महाराजाधिराजबाट परिषद्को एक वा एकभन्दा बढी उप-समितिहरू गठन गरिबक्सनेछ,

(ङ) योजना कार्यान्वयन स्थलको निरीक्षण समेत गराई कार्यान्वयनको रेखदेख र बाधा अडकाउ फुकाउने कार्यमा श्री ५ को सरकारलाई बढी अग्रसर एवं प्रभावकारी तुल्याउने र

(च) श्री ५ महाराजाधिराजबाट समय समयमा हुकुम बक्से बमोजिम अन्य कार्यहरू गर्ने ।

(छ) श्री ५ महाराजाधिराजबाट माथि उल्लिखित कार्यहरू सम्पादन गर्न गराउन परिषद्को एक वा एकभन्दा बढी उप-समितिहरू गठन गरिबक्सनेछ । यी उप-समितिहरूको बैठकमा आवश्यकतानुसार सम्बन्धित मन्त्री वा राज्य मन्त्रीहरूलाई सदस्यको रूपमा आमन्त्रण गरी भागलिन लगाइनेछ ।

३. परिषद्का कार्यविधिहरू:—

(क) राष्ट्रिय विकास परिषद्को सचिवालयको काम राष्ट्रिय योजना आयोगको सचिवालयले गर्नेछ,

(ख) राष्ट्रिय विकास परिषद्को बैठक सामान्यतया वर्षको एक पटक बस्नेछ,

(ग) राष्ट्रिय योजना आयोगले राष्टिय विकास परिषद्को बैठकमा आवधिक तथा वार्षिक योजनाको लागि अपनाउनु पर्ने उद्देश्य तथा नीतिसम्बन्धी सिफारिशहरू एवम् योजनाको प्रगतिसम्बन्धी मूल्याँकन सहितको प्रतिवेदन र तत् सम्बन्धमा उठाउनुपर्ने कदमसम्बन्धी प्रतिवेदनहरू पेश गर्नेछ । परिषद्ले यसरी पेश हुनआएको प्रतिवेदनहरूमा छलफल गरी निष्कर्षमा पुग्नेछ र तदनुरूप राष्ट्रिय योजना आयोगलाई निर्देशन दिनेछ,

(घ) राष्ट्रिय विकास परिषद्अन्तर्गत गठित उप-समितिहरूबाट प्राप्त प्रतिवेदनमा राष्ट्रिय योजना आयोगले आफ्नो रायसहित पेश गरेको प्रतिवेदनमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिषद्ले छलफल गरी निष्कर्षमा पुग्नेछ र तदनुरूप श्री ५ को सरकार र राष्ट्रिय योजना आयोगलाई राय सुझाव तथा निर्देशन दिनेछ ।

(ङ) परिषद्को प्रत्येक बैठकमा छलफलका लागि कार्यसूची (एजेण्डा) राष्ट्रिय योजना आयोगको सचिवालयले तयार पारी वितरण गर्नेछ र कार्यसूचीको साथै माथि दफा (ग) अनुसार तयार हुने मसौदाहरू (वर्किङ पेपरहरू) पनि वितरण गर्नेछ,

(च) सदस्यहरूले आफ्नोतर्फबाट विकास नीति वा उद्देश्यसम्बन्धी कुनै खास कुरा छलफलकोलागि परिषद्को बैठकमा प्रस्तुत गर्न चाहेमा त्यसको अग्रीम सूचना राष्ट्रिय योजना आयोगको सचिवालयमा पठाउनेछन् । परिषद्को बैठकमा छलफल गर्न नपर्ने कुनै खास कार्यक्रम वा परियोजनाको सम्बन्धमा सदस्यहरूले आफ्नो राय वा सुझाव दिन चाहेमा राष्ट्रिय योजना आयोगमा पठाउनेछन् ।

४. परिषद्का कार्यविधिः–

श्री ५ महाराजाधिराजबाट अन्यथा हुकुम बक्सेमा बाहेक परिषद्को मनोनीत सदस्यहरूको कार्यावधि साधारणतः ५ वर्षको हुनेछ । राष्ट्रिय पञ्चायतका सदस्यहरूको हकमा उनीहरूको सदस्यता राष्ट्रिय पञ्चायतमा नरहेमा स्वतः रहनेछैन । यसरी मनोनीत गरिएका व्यक्तिहरूलाई आवश्यक परेमा श्री ५ महाराजाधिराजबाट हेरफेर गरिबक्से बमोजिम हुनेछ ।

५. उप-समितिका संयोजक तथा सदस्यहरूको सुविधाः–

माथि दफा २ उपदफा (छ) बमोजिम गठन हुने उप-समितिका संयोजक तथा सदस्यहरूलाई तोकिएको सुविधाहरू उपलब्ध गराइनेछ । संयोजकलाई थप भत्ता दिइनेछ ।

६. विविधः–

परिषद्लाई आफ्नो आन्तरिक व्यवस्था सुचारू रूपले चलाउन र अन्य परिआउने कुराको सम्बन्धमा गर्नुपर्ने आवश्यक व्यवस्था श्री ५ महाराजाधिराजबाट तोकिबक्सेबमोजिम हुनेछ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरवार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६७०